स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनयमा पारंगत मानिने अभिनेत्री नम्रता श्रेष्ठ करिब चार वर्षदेखि पर्दामा देखिएकी छैनन् । उनले 'प्रसाद २' छाड्नुको एउटा कारण फिल्म 'ह्यासट्याग माया' (घोषणा बेलाको नाम 'ग्रहण') पनि थियो । उनले सेड्युल जुधेको भन्दै 'प्रसाद २' छाडेकी थिइन् । तर, 'ह्यासट्याग माया' पनि कलाकारदेखि स्क्रिप्टसम्म परिवर्तन हुँदा छायांकनमा निस्कन सकेको थिएन । शुक्रबारबाट फिल्मको छायांकन बर्दियामा सुरु भएको छ । योसँगै नम्रता ४ वर्षपछि फिल्मको सुटिङमा फर्किएकी छन् ।

**आजको विचार...**



कपिल लोहनी

नेपाल...
(दुई पेजमा)



अभिनेता सौगात मल्ललाई यतिबेला फिल्मको सेड्युलको चापले थेग्गिनसक्नु छ । उनी यति व्यस्त छन् कि समय व्यवस्थापन गर्न सकिरहेका छैनन् । हुन सक्छ यही कारण उनी आगामी फिल्म 'क्यामिनो'बाट बाहिरिएको चर्चा गर्माएको छ । निर्देशक र स्वयं सौगातले यसको स्वतन्त्र पुष्टि नगरे पनि निकट स्रोतले दिएको जानकारी अनुसार फिल्मको सेड्युल जुधेपछि 'क्यामिनो'मा सौगात हुने छैनन् । अगस्त्यको सुटिङ सोमबारदेखि भारतमा गर्ने जनाइएको छ ।

❑ वर्ष २८ ❑ अंक ३०६ ❑ २०८० जेठ २१ गते आइतबार 4 June 2023, Sunday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### उडिशा रेल दुर्घटनामा २ सय ६१ जनाको मृत्यु

**(रासस/एएनआई)**

**बालासोर (उडिशा),** जेठ २०/ उडिशा राज्यको बालासोरमा द्रुत गतिमा हुँइकिएका तीन वटा रेल एक आपसमा ठोक्किएर शुक्रबार बिहान भएको दुर्घटनामा मृत्यु हुनेको संख्या दुई सय ६१ पुगेको छ भने नौ सय जना भन्दा बढी यात्री घाइते भएका छन् । दक्षिणपूर्वी रेलवेका अनुसार घाइते यात्रुहरूलाई राज्यको गोपालपुर, खन्तपारा, बालासोर, भद्रक र सोरोका अस्पताल भर्ना गरिएको छ । दुर्घटनास्थलमा उद्धार कार्य पूरा भएको र पुनःस्थापनाका काम जारी छन् । शुक्रबार बिहान सात बजे बालासोर जिल्लाको बहानागा बजार स्टेशनमा बेङ्गलुरु-हावडा सुपरफास्ट एक्सप्रेस, कोरोमण्डल एक्सप्रेस र मालवाहक रेल ठोक्किएका थिए । दुर्घटनामा यात्रुवाहक दुई वटा रेलका १७ वटा डिब्बा पटरीबाट बाहिर धेरै पर पुगेका छन्, गम्भीर रूपमा क्षतिग्रस्त भएका डिब्बाबाट त्यहाँ फसेका सबैलाई उद्धार गरिएको छ । केन्द्रीय रेल मन्त्री अश्विनी वैष्णव आफैं पुनःस्थापनाको निरीक्षणमा हुनुहुन्छ । रेलवे बोर्डका अध्यक्ष, स्वास्थ्य सेवा विभागका महानिर्देशक घाइते यात्रुहरूको उपचारको निगरानी गरिरहेका छन्भने अन्य सबै वरिष्ठ सरकारी अधिकारीहरू अस्पतालहरूमा घाइते यात्रुहको हेरचाह एवम् समन्वय गरिरहेका छन् ।

# गुल्मीका स्थानीय तहको घरभाडामा ३९ लाख खर्च

**रासस**


**तम्घास,** जेठ २०/गुल्मीका स्थानीय सरकारले घरभाडामा वार्षिक ३९ लाख रुपैयाँ भन्दा बढी रकम खर्च गर्ने गरेको पाइएको छ । हालसम्म भाडामा बस्दै आएका जिल्लाका पाँच पालिकाले उक्त रकम घरभाडामा खर्च गरेका हुन् ।

स्थानीय तह स्थापना हुँदा सबै पालिका भाडाकै घरमा थिए । छ वर्षको अवधिमा केही पालिकाले प्रशासकीय भवन तयार गरे भने केहीले अस्थायी संरचना बनाएर कार्यसम्पादन सुरु गरेका छन् । जिल्लाका इस्मा, मुसिकोट, कालिगण्डकी, चन्द्रकोट र गुल्मीदरबार पालिकाले वार्षिक ३९ लाख चार हजार रुपैयाँ घरभाडामा खर्च हुने गरेको जिल्ला समन्वय प्रमुख दोर्णबहादुर खत्रीले बताए । कालिगण्डकी गाउँपालिकाको कार्यालय स्थापना भएदेखि भाडाको घरबाट सञ्चालन हुँदै आएको छ । अहिले कालिगण्डकीले घरभाडा बापत मासिक ६० हजार रुपैयाँका दरले वार्षिक रू सात लाख २० हजार खर्चंदै आएको कार्यालयले जनाएको छ ।




गुल्मीदरबार गाउँपालिकाको कार्यालय पनि भाडाकै घरबाट सञ्चालन भइरहेको छ । गुल्मीदरबारले पनि मासिक रू ६० हजारका दरले वार्षिक रू सात लाख २० हजार घरभाडामा खर्चने गरेको पालिकाका सूचना अधिकारी नवराज घिमिरेले जानकारी दिए । मुसिकोटले मासिक रू ६६ हजार चार सयका दरले वार्षिक रू सात लाख ९६ हजार आठ सय घरभाडामै खर्च हुने सूचना अधिकारी प्रकाश घिमिरेले जानकारी दिए । इस्मा गाउँपालिकामा स्थानीय सरकारको पहिलो कार्यकालको अन्तिममा पालिकाको केन्द्र वडा नं ५ रजस्थलको रातापोखरा हुने गरी टुङ्गो लागेर कार्यालय बने पनि सञ्चालन हुन सकेन । हाल रजस्थल दोबाटमा घर भाडामा लिएर मासिक रू ३३ हजार भाडा तिर्ने गरेको पालिका कार्यालयले जनाएको छ । चन्द्रकोट गाउँपालिकाको कार्यालय चन्द्रकोट बहुमुखी क्याम्पसबाट सञ्चालन गरिएको छ । स्थापनाको समयमा निजी घरमा भाडा लिएर कार्यालय सञ्चालन गरेको चन्द्रकोटले केही समयपछि क्याम्पसमा कार्यालय सारेको थियो । अहिले चन्द्रकोटको मासिक रू एक लाख छ हजारका दरले वार्षिक रू १२ लाख ७२ हजार रकम घरभाडामा खर्च हुने सूचना अधिकारी शिव ज्ञवालीले जानकारी दिए । गत वैशाखसम्म मासिक रू ९७ हजार भाडा रहेकामा अहिले भाडा वृद्धि गरिएको उनले बताए । मुसीकोट नगरपालिकामा नयाँ बन्दै गरेको प्रशासकीय भवनको काम अन्तिम चरणमा पुगेको छ । चन्द्रकोट गाउँपालिकाका-४ शान्तिपुरमा पालिकाको भवन बन्दैछ । जिल्ला समन्वय प्रमुख दोर्णबहादुर खत्रीले आगामी चार वर्षमा सबै पालिकाका भवन बनाउने गरी समन्वय भइरहेको बताए । "कतिपय पालिकाका भवन निर्माणाधीन छन्, कतिपयको जग्गाको अन्तिम टुङ्गो लागेको छ", उनले भने, "जनप्रतिनिधिको यो कार्यकालभरि सबै पालिकाका भवन बनिसक्नेछन् ।"

## 'लू'बाट बच्न सतर्कता अपनाउन महाशाखाको अनुरोध



**पाल्पा,** जेठ २०/देशका तराई भू-भागमा आगामी केही दिनसम्म तातो हावा तथा 'लू' लाग्न सक्ने सम्भावना रहेकाले सोबाट बच्न आवश्यक सतर्कता अपनाउन जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले अनुरोध गरेको छ । तातो दिन तथा लू सम्बन्धी विशेष बुलेटिन जारी गर्दै महाशाखाले अबका पाँच दिनसम्म आवश्यक सतर्कता अपनाउन अनुरोध गरेको हो ।

"आगामी केही दिनसम्म देशभरको तापक्रमको अवस्था तथा विश्लेषण अनुसार तराईका धेरैजसो भू-भागमा अधिकतम र न्यूनतम तापक्रम क्रमिक रुपमा बढ्दै जाने देखिन्छ । तसर्थः तराईका भू-भागमा तातो हावा र लूबाट बच्न आवश्यक सतर्कता अपनाउन अनुरोध छ", बुलेटिनमा उल्लेख छ । महाशाखाका मौसमविद् गोविन्दकुमार झाले अबका तीन दिनसम्म लूचल्ने सम्भावना रहेको बताए । लू चल्नका लागि लगातार पाँच दिनसम्म सामान्यभन्दा ४० डिग्रीभन्दा माथि तापत्रम बढेमा लू चलेको मानिन्छ । वर्षा नहुँदा सुक्खापन चलेकाले तापक्रम बढेर लू चलेको मौसमविद् झाको भनाइ छ ।

## आज जातीय भेदभाव तथा छुवाछुत उन्मूलन राष्ट्रिय दिवस मनाइदैं

**पाल्पा,** जेठ २०/आज जातीय छुवाछुत उन्मूलन राष्ट्रिय दिवस मनाइदैं छ । देशभर विभिन्न जनचेतनामूलक कार्यक्रम आयोजना गरी यो दिवस मनाइदैं छ ।

यो दिवस २१ जेठ २०६३ मा संसद्ले नेपाललाई छुवाछुतमुक्त राष्ट्र घोषणा गरेको सम्झनामा २०६८ देखि मनाउन सुरु गरिएको हो । कसैले कुनै पनि व्यक्तिलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज, उत्पत्ति, जात, जाती, वंश, समुदाय, पेसा, व्यवसाय वा शारीरिक अवस्थाका आधारमा कुनै काम गरे वा गराएमा छुवाछुत तथा भेदभाव मानिन्छ ।




आजभन्दा ५९ वर्ष अगाडि नै, विसं २०२० मा तत्कालीन राजा महेन्द्रवीर विक्रम शाह देवले मुलुकी ऐनमा छुवाछुत र भेदभाव गर्न नपाइने कानुन ल्याएको पाइन्छ यद्यपि उक्त कानुनको प्रभावकारी कार्यान्वयन नभएकाले व्यवहारमा जातीय भेदभाव रहिरहेको नै थियो ।

नेपालको संविधान २०७२ को धारा २४ मा छुवाछुत तथा भेदभाव विरुद्धको हकलाई मौलिक अधिकार सोसरह सुनिश्चित गरेको छ । यदि छुवाछुत तथा भेदभाव गरिएको ठहर भएमा ३ वर्ष सम्म कैद वा एक हजार देखि २५ हजारसम्म जरिवानाको प्रावधान राखेको छ । यसका साथै राष्ट्रिय दलित आयोगलाई पनि संवैधानिक अंग सोसरह मान्यता दिइएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## सरकारको नीति र कार्यक्रम

नीति तथा कार्यक्रमका विषयमा अहिले चर्चा परिचर्चा चलिरहेको छ । प्रतिपक्षी दलले नीति तथा कार्यक्रम ठीक नभएको भन्दै विरोध जनाइरहेका छन् । सत्ता साझेदार पार्टीहरु भने यो कार्यक्रमले मुलुकको मुहार फेर्ने कुरामा जोड दिइरहेका छन् । अगामी वर्षका लागि ल्याएको नीति र कार्यक्रमले सरकारका हरेक जनपक्षीय अवधारणाहरुलाई मुखरित गर्ने खालका कार्यक्रमलाई नीति र कार्यक्रमको महत्वपूर्ण अंगका रुपमा मानिरहदा प्रमुख प्रतिपक्ष एमाले भने यो कार्यक्रम मुलुकले थेग्न सक्ने खालको नभएकोले यसलाई पूर्णरुपमा पुनरावलोकन गर्नुपर्ने माग गरी नै रहेको पाइन्छ । कुनै पनि सरकारका नीति र कार्यक्रमलाई आधार मानेर त्यसको कार्यान्वयनमा ध्यान दिन त्यही किसिमको बजेटको पनि व्यवस्था गर्ने प्रचलन हुन्छ । त्यस कारण बजेटका आधारशीलाहरुको एउटा महत्वपूर्ण खण्ड भनेकै नीति र कार्यक्रम हो । यी सबै कुरामा विरोधका लागि विरोध गर्ने प्रचलनले प्राथकिता पाइरहनु आफैमा पनि राम्रो विषय होइन । प्रतिपक्ष सकारात्मक विरोध र सकारात्मक सुझावका लागि आवश्यक आधारशीला भएको कुरालाई मुलुकका प्रतिपक्षहरुले बुझ्नु जरुरी छ ।

लोकतन्त्रमा विरोधका लागि विरोध भन्दा पनि, विकार निकासका लागि सकारात्मक सुझावको सही व्यवस्थापन गर्नु नै उत्तम विकल्प पनि हो । सरकारले जनताका पक्षमा अब के गर्ने, मुलुकलाई विकासका कुन–कुन बाटाहरुको पहिचानका साथ अगाडि बढ्ने भन्ने मूल अवधारणाको विकास गर्दै अगाडि बढ्ने कुरामा दिशा निर्देश गर्ने नीति र कार्यक्रमले हो । त्यो गर्ने कार्यमा प्रस्तुत नीति र कार्यक्रम प्रभावकारी हुन सक्छ या सक्दैन भन्ने काम कार्यवाही बारे सरकाले प्रतिपक्षसंग पनि सकारात्मक र समन्वयकारी भूमिकाका आधारभूत मूल्य र मान्यतालाई बुझ्नु जरुरी छ । त्यसकारण पनि सरकारका हरेक नीति र कार्यक्रम अनि बजेट कार्यान्वयनमुखी बनाउने कामलाई महत्वका साथ हेरिनुपर्ने हुन्छ । यस्ता कार्यक्रमहरुलाई सफल पार्न कस्तो बजेट आवश्यक छ भन्ने विषयमा सबै पक्ष गम्भीर हुनुको विकल्प छैन ।

## Opinion @ Social Network

जिन्दगीमा प्रेम र मृत्यु कति बेला आउछ थाहा नै हुँदैन,
फरक यति हो प्रेमले मुटु जोड्छ, मृत्युले मुटु तोड्छ !
*(साम्देन लामाको फेसबुक स्टाटसबाट www.facebook.com//sampunk.cool)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपाल बने पो हामी नेपाली बन्छौं



**कपिल लोहनी**

देवेन्द्र आज ज्यादै नै निराश छ । कारण विवादास्पद नागरिकताको विधेयक हालैको आमनिर्वाचनबाट बनेको संसदलाई छलेर मन्त्रिपरिषद्मार्फत सिधै राष्ट्रप्रमुख कहाँ पठाएर प्रमाणीकरण भएकोमा । वर्षौंदेखि विभिन्न कारणवश नागरिकताबाट वञ्चित भएका लाखौं युवाहरूले नागरिकता प्राप्त गर्न अब सहज हुने तथा सार्क क्षेत्रबाट परका विदेशमा रहेका नेपाली, जसका बाबुआमा वा बाजेबज्यैको नेपाली नागरिकता छ, उनले गैरआवासीय नेपाली नागरिकता पाउने जस्ता राम्रा कुरा भएको भएता पनि यस्ता विधेयक प्रमाणीकरण गर्नु पुर्व संसदमा छलफल हुनुपर्ने र आमजनतालाई पनि सुसूचित गराउनु पर्ने देवेन्द्रको भनाइ रहेछ । उसलाई केमा पनि आश्चर्य लागेको छ भने सरकारले केही समय अघिसम्म विदेशी बुहारी र ज्वाईंले पनि बिहे लगत्तै विदेशको नागरिकता त्यागेको प्रमाणसहित नेपाली नागरिकता पाएर आम नेपालीले पाएका सबै सुविधा र सम्पूर्ण संबैधानिक पदहरू धारण गर्न पाउने भन्ने विवादास्पद प्रावधान बारे हालको प्रमाणीकरण मौन रहेकोले त्यस्ता कुरा पनि आमजनतालाई किन जानकारी गराउँदैनन् ।

त्यसरी सहज ढङ्गले बुहारी र ज्वाइँले नागरिकता पाउने हो भने खासगरी नेपालका दुबै छिमेकी राष्ट्रका नागरिक बुहारी र ज्वाइँले नेपालको नागरिकता पाएर तत्काल शासकीय भूमिका खेल्न सक्ने हैसियतमा पुग्ने छन् भने यहाँका रैथाने जनता झन् झन् ओझेलमा पर्दै जानेछन् । प्रधानमन्त्रीको आसन्न भारत भ्रमण अघि हतार हतार यस्ता कदम चाल्नु पर्ने वाध्यता किन पर्न गयो होला भनेर देवेन्द्र अचम्मित भएको छ । देवेन्द्रले यो बारेको समाचार पढ्ने वित्तिकै अन्य देशमा आप्रवासी र आफ्ना नागरिकसँग बिहे गरेकाका लागि नागरिकता सम्बन्धि के कस्तो व्यवस्था रहेछ भनेर इन्टरनेटमा पसेर अध्ययन गर्न थाल्यो । नेपालमा जस्तो ज्यादै सहज रूपमा नागरिकता पाउने व्यवस्था तथा छिटो छिटो यस्ता गौढ कुराका नियमहरू परिवर्तन हुने परिपाटी विश्वको कुनै पनि मुलुकमा रहेनछन् भन्ने कुरा उसको अध्ययनले बतायो । स्वयम् अमेरिका जस्तो प्रजातान्त्रिक मुलुकमा पनि आप्रवासीले शुरुमा ग्रिन कार्डको निम्ति आवेदन दिनु पर्दो रहेछ र सो प्राप्त गरेर निकै समय त्यहाँ बसेपछि मात्र नागरिकताको निम्ति आवेदन दिन पाउँदो रहेछ । त्यसरी नागरिक भइसकेपछि उसले मतदान गर्ने अधिकार पाए तापनि उच्च संवैधानिक पद जस्तै राष्ट्रपति बन्ने सपना नदेखे पनि हुँदो रहेछ । तर उसको त्यहीं जन्मेको सन्तानले भने अमेरिकी नागरिक सरह सबै सुख सुविधा पाउने रहेछ । यो कुरालाई अझ विस्तृत रूपमा बुझ्न उसले आफ्नो साथि रामसँग अमेरिकामा सम्पर्क गरेछ । रामले 'हेर देवेन्द्र, अमरिकी पूर्व परराष्ट्रमन्त्री डा. हेनरी किसिन्जर पहिलो पुस्ताको अमेरिकी नागरिक भएकै कारण त्यत्रो बुद्धि, विवेक र क्षमता भएर पनि राष्ट्रपति बन्ने अवसरबाट वन्चित भए । नागरिकता जस्तो अति नै सम्वेदनशील विषयलाई तोडमोड गरेर जो कोहीलाई पनि नागरिकता बाँड्न सक्ने मुलुक त नेपाल मात्र हो । नेपालीले भुटानी शरणार्थी बनाएर आफ्नै नागरिकलाई विदेशमा बेचेकोले आज हामी विदेशमा बस्ने नेपाली समेत शंकाको घेरामा परेका छौं र हाम्रो इज्जत केही बाँकी छैन । यस्तो अवस्थामा नेपालमा नै बस्ने तिमी नेपालीहरूको इज्जत त अब माटोमा नै मिलिसक्यो भने त्यस माथि त्यस्तो संगीन मुद्दा पनि बिस्तारै मत्थर हुने अवस्थामा पुगेको छ । हो हामी जस्ता विदेशमा बस्ने नेपालीहरूले पनि नेपाली नागरिकता पाउने र चुनावमा समेत मतदान गर्न पाउने प्रावधानले गर्दा भने हामीलाई जहाँ बसे पनि हामी पहिला नेपाली हौं भन्ने भावना जागेर खुशी लागेको छ ।' भनेछ । यो कुरा सुनेर देवेन्द्र झनै विचलित र केही संयमित पनि हुन पुग्यो । दक्षिणी छिमेकी मुलुक भारतको नागरिकता प्राप्त गर्ने प्रावधान पनि उसले पढेछ । त्यहाँ पनि बिहे गरेर गएपछि वा भारतमा कम्तीमा १२ वर्ष बसोवास गरेपछि र आफ्नो पहिलेको मुलुकको नागरिकता त्यागेको प्रमाण पेश गरेपछि मात्र त्यहाँको नागरिकताको निम्ति आवेदन दिन पाइने रहेछ । कैयन् मुलुकमा त यो भन्दा पनि जटिल बाधाहरू पार गरेर निकै समयको कुराई पछि मात्र नागरिकता प्राप्त गर्न सकिँदो रहेछ । त्यसैले देबेन्द्रलाई ताज्जुप लाग्ने कुरा नै के हो भने अरु मुलुकले यसरी कडाई गरेको यो गौढ विषयमा हाम्रा नेताहरू ठोस छलफल नै नगरी, आमजनतालाई अध्ययन गर्ने मौकै नदिइ किन यसरी नरम भएर हतारमा निर्णय लिन्छन् । पहिले जस्तो आमसञ्चारका अधिकांश माध्यम पनि आजकल किन मौन धारण गरेर बसेका छन् कतै मुखमा बुजो ठोकेको जसरी । के स्वार्थ लुकेको छ यसमा ?

आफूले आज क्षणिक समयको निम्ति शासन सत्ता बचाएर राख्ने निहुमा विभिन्न समुदाय र राष्ट्रलाई खुशी पार्न यस्तो समाज र राष्ट्रघाती कदम चालेर आउँदा पिँढीलाई अल्पसंख्यक बनाउने हक यी नेताहरूलाई कसले दियो ? देवेन्द्रले केही पनि बुझ्न सकेको छैन । पहिले पहिले कुनै पार्टीले राष्ट्रघात वा भ्रष्टाचारको बाटो समायो भने अन्य पार्टी एक भएर त्यसको प्रतिवाद गर्दथे तर हाल आएर त गठबन्धनको सरकार बनाउने भन्दै गठवन्धनका सबै पार्टी मिलेर नै देशमा तानाशाही लाद्ने र मुलुकलाई टाट पार्ने देखि लिएर देशै बेच्ने मेलोमा पनि एक भएर लाग्न थालेका रहेछन् । बाँडी चुँडी खाने कुरामा सबै सांसद एक हुन्छन् । यसपालीको वजेटमा पनि सांसदहरूलाई सहज ढङ्गले भ्रष्टाचार गर्ने बाटो खुलाउँदै हरेकलाई ५ करोडको स्थानीय विकास वजेट छुट्टाइएको छ । महेन्द्र, वीरेन्द्र र ज्ञानेन्द्र समेतका राजाहरूले राष्ट्रलाई नै थाती राखेर कहिल्यै शासन गर्ने चेष्टा गरेनन् । बरु वीरेन्द्रको राष्ट्रवाद प्रतिको अडानले गर्दा नै नेपालमा सजिलै बहुदलीय प्रजातन्त्रको पुनर्वहाली भयो र पछि उनको ज्यान समेत गयो भने ज्ञानेन्द्रले विदेशीसँग झुक्नु भन्दा जनतासँग झुक्न राजी भएर राजगद्दी गुमाउन समेत बाध्य भए । टंकप्रसाद आचार्य, विश्वेश्वरप्रसाद कोइराला, पुष्पलाल श्रेष्ठ, कीर्तिनिधी विष्ट, कृष्णप्रसाद भट्टराई, गणेशमान सिंह, मनमोहन अधिकारी, मदन भण्डारी आदि जस्ता राजनेता पनि यही धर्तीमा जन्मे र राष्ट्रघातको त कुरै छोडौं, कहिल्यै भ्रष्टाचार गरेर अकुत धन कमाउने सोचसम्म पनि बनाएनन् । तर आजको जमाना नै अर्कै भएको छ । यहाँ कोही पनि अब त्यस्ता व्यक्ति बाँकी रहेका छैनन् । ती राजनेताले स्थापना गरेका पार्टीका अधिकांश नेताहरू नै आज घोर राष्ट्रद्रोही, प्रजातान्त्रिक तानाशाह, अन्यायी, भ्रष्ट र कुशासक भएर निस्किएका छन् । न कम्युनिष्टमा, न नै प्रजातन्त्रवादीहरूमा समाजवादको कुनै अवशेष र बास्ना बाँकी छ । सबै नै गुहु र मुत्रले सप्रेका उही ड्याङका मुला जस्ता भएका छन् । मार्क्स, लेनिन र माओको त यहाँका आजका कम्युनिष्टले नै उपहास गरिरहेका छन् । हजारौं वर्षदेखि हिमवत क्षेत्रबाट भारतवर्षमा र उताबाट यता बसाईं सर्ने परिपाटी बसेकै छ । त्यस्तै हिमाल वारि र पारि पनि यसरी नै बसाईं सराई भइ नै रहेको हो ।

देवेन्द्रको परिवार झैं उसका हिमाल, पहाड र तराईका साथीहरू जस्तै आङ छिरिङ, पासाङ पेम्बा, राम पाण्डे, काश्यप शर्मा, दुर्गा कुँवर, हेमन्त राजपुत, दिगम्बर मिश्र, हनुमानप्रसाद झा, देवकीकुमार यादव आदिका परिवार कोही निकै पहिले आजको नेपालमा बसोवास गर्न आए भने कोही अलि पछि आएर बसेका हुन् । त्यसरी नै हिमवत खण्डका कैयन् जातजाति पनि यहाँबाट भारत, चीन, वर्मा, मलाया, थाइल्याण्ड, फिजी, ट्रिनिडाड तथा अझ टाढाका मुलुकमा गएर बसेका छन् । पहिलो पुस्ताका आप्रवासीलाई कतै पनि अन्य नागरिक सरहको शासकीय सुविधा नदिनुको अर्थ उनमा आफ्नो जन्मभूमिकै माया र लगाव हुने भएकोले उनीहरू नयाँ मुलुक प्रति बफादार हुँदैनन् भनेर यसो गरिएको हो । तर उनका सन्तान भने आफू जन्मेको, हुर्केको र शिक्षा तथा संस्कार पाएको परदेशलाई नै आफ्नो मातृभूमि सम्झेर सोही मुलुकका बफादार नागरिक भएर सबैसँग मिलिजुली बस्ने गर्दछन् । यो नै मानव चरित्रको एउटा ज्वलन्त उदाहरण हो । देवेन्द्रको दिक्दारीको अर्को कारण भने हालैको गणतन्त्र दिवसको उपलक्ष्यमा रिहा गरिएका केही कैदीहरू पनि हुन् । हत्या र हिंसाको आरोपमा न्यायालयका तीनै वटा तहबाट जन्म कैदको सजाय पाएर सोको निर्णय लेखिएको कलमको मसी सुक्नु त कहाँ हो कहाँ, निर्णयको लिखत सार्वजनिक हुनु अगावै संसद र सरकारले राष्ट्रपति कहाँ अनुमोदनको निम्ति पठाउने र सोको अनुमोदन राष्ट्रपतिले खुरु खुरु गरेको पनि देवेन्द्रलाई पचेकै छैन । आम जनताको न्यायालय माथि नै विश्वास घटेको आजको समयमा न्यायालयले गरेको केही राम्रो काममा पनि सरकारी हस्तक्षेप भएर केही संगीन कसुरदारलाई बाइज्जत रिहा गरेर अन्य निरीहलाई थुनामा नै राख्नाले आम जनतामा मात्र होइन, अपराधको सजाय भोगीरहेकाहरू समेत आफूहरूलाई मात्र अन्याय भएको र आफू असुरक्षित भएको महसुस गरिरहेका छन् । देवेन्द्रलाई ताज्जुप लागेको विषय त के हो भने आफ्नै सुरक्षा दस्ताका उच्चदेखि तल्ला तहका झण्डै एक दर्जन सुरक्षाकर्मीको हत्याको आरोपमा कैद सजाय भोगिरेका व्यक्तिहरू कैद माफी पाएर छुट्दा पनि प्रहरीका उच्च पदस्थ अधिकारी र प्रमुखले मुकदर्शक भएर बस्नु । उनीहरूको पनि बाध्यता र अनुशासनका दायरा होलान् । तर देवेन्द्रले मनमनै गुनेको थियो कि उ त्यस्तो पदमा भएको भए 'यस्तो अन्यायको परिस्थितिमा म आफ्नो पदमा अब रहिरहन सक्दिन' भनेर राजिनामा दिइसक्ने थियो भनेर । तर यहाँ कोही पनि आफूले ठूलो लगानी गरेर बल्ल तल्ल पाएको पद वा ठाउँ छोड्न तयार छैन । नेपाल व्यापारमय भएको छ । यहाँ सबैथोकको पैसामा सौदावाजी हुन्छ । पैसा र पहुँच विनाका वुद्धिजीवी, ज्ञाता वा अनुभवी कसैको पनि काम छैन यहाँ । सानो छँदा देवेन्द्रले नेपालको इतिहास पढ्ने क्रममा नेपालले उत्तरी छिमेकी तथा फिरङ्गीसँगको लडाईमा गुमाउनु परेको ठूलो भूभाग विदेशमा मिलेको कुराले उसको पेट पोलेर उ निकै छट्पटिन्थ्यो । उसको बाल मस्तिष्कले त्यतिबेला दक्षिण एशियाको नक्शा हेर्दै नेपालले गुमाएको भूभागलाई रातो कलमले चिनो लगाएर आफू ठूलो भएपछि त्यो सब नेपालमा फिर्ता ल्याउने बाल सपना देख्थ्यो ।

विश्वको भूराजनीति, ठूला देशको साना माथिको हैकम र थिचोमिचो, जसको शक्ति उसको भक्ति र माइट इज राइट भन्ने जस्ता उक्ति तथा हाम्रा देशका असक्षम तथा चाकडीवाज शासक बारे उसलाई निकै कम ज्ञान थियो । उही नेपाली जातीले विदेशी भूमिमा त्यहींको नागरिक भएर बस्दा पाउने सुख र समृद्धि आफ्नो मुलुकका दूरदृष्टिविहीन निकम्मा शासकहरूले प्रदान गर्न नसकेका तथ्यबाट उ अनभिज्ञ थियो । तर आज देवेन्द्रले बुझिसकेको छ कि अब त प्रवासमा बस्ने नेपाली समेत आफ्नो पुर्खाको जन्मथलो यसरी आफ्नै कारणले असफल राष्ट्रमा परिणत भएको देखेर खिन्न मात्र भएका छैनन् कि हामी नेपालीलाई धित्कार्दै पनि छन् भनेर । देवेन्द्रका बाबु बाजेले आफ्नो मुलुकमा उच्च अध्ययन गर्न नपाएर भारत तथा अन्य मुलुकमा गएर पढेका, आम नेपालीले आफ्नो मुलुकमा रोजगारी नपाएर विदेशमा श्रम बेचेर जीवन बिताएका, विश्वयुद्धहरूमा विदेशी फौजमा रहेर भए पनि वीरतापूर्वक गोर्खालीको इज्जत धानेका तथा भारतको स्वतन्त्रता संग्राममा डटेर भारतीय नेताहरूलाई सघाएका थिए । एकातिर भारतको स्वतन्त्रता संग्राममा जेलनेल सहेर सघाएका हाम्रा अग्रजहरूकै कारण गान्धी र नेहरु जस्ता विश्वस्तरका भारतीय राजनेताले नेपाल र नेपालीलाई निकै माया र इज्जत गरेका थिए भने अर्कोतर्फ वेलायतलाई भारतमा राज गर्न सघाएका गोर्खे भन्दै आजका धेरै भारतीय नेताहरूको मन–मस्तिश्कको भित्र कुनै कुनामा नेपालीहरू माथि चरम घृणा र द्वेष रहेको तथा विशाल भारत टुक्रिएर वर्मा, पाकिस्तान र पछि बंगलादेश बनेकोमा सिक्किम, भुटान र नेपालजस्तालाई दबाउने र पाएमा आफूमा समाहित गर्दै थोरै भए पनि क्षतिपुर्ति गर्दै जाने मनस्थिति समेत केही नेताहरूमा बन्नु एक सामान्य मनोवैज्ञानिकता नै हो ।

*-डिसी नेपाल डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कुनै कुराले मनमा शान्ति छाउनेछ । पारिवारिक सहयोग पनि मिल्नेछ। | **तुला** : प्रेम बढेर जानेछ । रोकिएका अधुरा पुराना कामहरू पुरा हुनेछन् । |
| **वृष** : एउटै कामबाट दोहोरो लाभ मिल्नेछ। व्यावसायिक काममा राम्रो हुनेछ । | **वृश्चिक** : काम बिग्रने डर छ । बोलीको विपरीत अर्थ पनि लाग्न सक्नेछ । |
| **मिथुन** : शुभ समाचार सुन्न पाइनेछ । मित्रबाट विशेष सहयोग मिल्नेछ । | **धनु** : नयाँ र शुभकार्यको चर्चा चल्नेछ। अकस्मात् धन सम्पत्ति हात पर्नेछ । |
| **कर्कट** : समस्या खेप्नुपर्नेछ । अनावश्यक धन खर्च हुँदा मानसिक चिन्ता बढ्नेछ । | **मकर** : इच्छा र आकाङ्क्षा पूर्ण हुनेछन् । मेहनतको प्रशंसा हुनेछ । |
| **सिंह** : मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ। कार्यमा अधिक सफलता मिल्नेछ । | **कुम्भ** : जोश जाँगर र हिम्मत बढ्नेछ। दैनिक कार्यहरूमा प्रगति हुनेछ । |
| **कन्या** : पारिवारिक सद्भाव बढ्नेछ । सहयोगी हातहरू अघि बढ्नेछन् । | **मीन** : कामले अरूको मन लोभ्याउन सकिनेछ। मित्रबाट सहयोग पनि मिल्नेछ । |

# कृषि

## मकै बेचेर घरखर्च धान्दै



स्याङ्जाको पुतलीबजार नगरपालिका-११ मायाटारस्थित सिद्धार्थ राजमार्गको छेउमा चिटिक्क परेको काठको छाप्रो छ । छाप्रो अगाडि माटोको चुलोमा धुँवा उडिरहेको छ । ३९ वर्षीया जमुना रुचाल चर्को घाममा पनि पसिना चुहाउँदै मकै पोल्न व्यस्त छिन् । उनी बिहानै भालेको डाँकोसँगै उठ्छिन् र सरसफाइको काम भ्याउछिन् । मोही पार्छिन् र टिमुर, पुदिना, गोलभेडा, नून तथा हरियो खुर्सिनी राखेर अचार बनाउँछिन् । यसरी तयार पारेको सामान झोलामा बोक्दै रुचाल घरदेखि केही तलको मकै पोल्ने ठाउँमा झर्छिन् ।

"मकै पोलेर बिक्री गर्न थालेको पाँच वर्ष भयो, यसकै आम्दानीले गुजारा चलाएकी छु", दाउरा आगोमा ठोस्दै उनले भनिन्, "सुन्तलाको याममा सुन्तला बेच्छु, हरिया मकै बेमौसमी पनि पाइने भएकाले अहिले मकै पोलेर बेचिरहेकी छु ।" यही काम पनि सजिलोसँग गर्न नपाइएको उनको गुनासो छ । औँलाले देखाउँदै उनले भनिन्, "काठको खामो गाडेर छाप्रो बनाएकी थिएँ, काठकै टेबुल र बेन्च पनि थियो, छाप्रो भत्काइदिन थाले । टेबुल पनि चोरी हुन थाल्यो । अहिले भने बेन्च फलामको बनाउन लगाएर राखेकी छु ।" दैनिक ४०-५० वटासम्म पोलेको मकै बिक्री हुन थालेको रुचालले बताइन् । "दैनिक रु दुई हजारदेखि रु दुई हजार पाँच सयसम्म कमाइ हुन्छ", उनले भनिन् रुचालले मोहीसमेत बिक्री गर्छिन् । सबै गरेर महिनामा रु एक लाख ५० हजारसम्म कारोबार हुने गरेको रुचालले बताएन् ।

गल्याङ नगरपालिका-६, पिँडिखोलाका शेरबहादुर थापा प्राय:जसो पोलेको मकै, मोही र चटनी खान यहाँ आउने गर्छिन् । स्वदेशमा रोजगार भएन भन्नेहरुलाई रुचालको कामले केही गर्न प्रेरणा मिलेको उनको भनाइ छ । रुचालको छाप्रोभन्दा केही पर अर्को छाप्रोमा सविता गैरे पनि मकै पोल्नमै व्यस्त छिन् ।

"दैनिक २५-३० जती मकै बिक्री हुन्छ", उनले भनिन्, "मकै पोलेर खुवाउँदा फुर्सदै हुन्न, यही पेसाले हाम्रो घरखर्च धान्न सहज भएको छ ।" सविताकी सासू केशरी पनि मकै पाल्नमै व्यस्त छिन् । उनी भन्छिन्, "सासू-बुहारीले मकै बेचेर कमाएको पैसोले घरखर्च धानिएको छ ।" यहाँ सुन्तलाको याममा पनि यस्तै चटारो हुन्छ । मकै खरिद गर्न पोखरा, चितवन लगायत ठाउँबाट व्यापारी मायाटारी आउने गरेका छन् । यहाँ पोलेको मकै प्रति घोगा रु ५० र मोही प्रति गिलास रु २० मा बिक्री हुने गरेको छ । ***-रासस***

## तनहुँमा ड्रागन खेती




यहाँको व्यास नगरपालिका-५ ढोडेनीमा व्यावसायिकरूपमा 'ड्रागन फ्रुटङ्ग खेती सुरु गरिएको छ । स्थानीय कृषक कल्पना गौलीले 'माँ अम्बे अलौकिक कृषि फार्म' दर्ता गरी व्यावसायिक रूपमा ड्रागन खेतीतर्फ लागेकी हुन् । करिब नौ रोपनी क्षेत्रफल जग्गा बीस वर्षका लागि भाडामा लिएर वार्षिक रू बीस हजार भाडा बुझाउने गरी व्यवसाय थालेको कृषक गौलीले बताए । "गत वर्ष भारतको हैदरावादबाट प्रतिबिरुवा रू एक सयका दरले दुई हजार एक सय ड्रागनका बिरुवा ल्याएर लगाएकी थिए । यस वर्षदेखि उत्पादन दिन सुरु गरेको छ", उनले भनिन् ।

कृषक गौलीले खेतीका लागि सुरुमा करिब रू ७० लाख लगानी गरेको बताइन् । उनले भनिन्, "फार्ममा ड्रागनका साथै च्याउ, मौरी, फलफूल लगायत बहुआयामिक किसिमले खेती गरेको छु ।" फार्ममा पाँच सय पोल निर्माण गरी एउटा पोलमा चार वटाका दरले ड्रागन बिरुवा लगाएको गौलीले जानकारी दिए । एउटा पोलमा करिब रू दश हजारका दरले खर्च भएको उनको भनाइ थियो । बिरुवा रोपेको पाँच महिनाको अवधिमा केही बोटमा फल लागेको अनुभव सुनाउँदै कृषक गौलीले बिक्री भने गर्न नपाएको बताइन् । उक्त फार्मको व्यास नगरप्रमुख वैकुण्ठ न्यौपाने र वडाध्यक्ष हिमाल श्रेष्ठले अवलोकन गरेका थिए । नगरप्रमुख न्यौपानेले व्यावसायिक कृषि पेसालाई नगरपालिकाले प्राथमिकतामा राखेर काम गर्दै आएको बताए ।

यस वर्ष लपक्कै फूल फुलेका छन् । कृषक गौलीले भने, "फूल फुलेअनुसार फल लाग्ने हो भने राम्रै उत्पादन हुन्छ भन्ने विश्वास लिएको छु", "केही दिनअघि आएको हावाहुरीले ड्रागनका बोट भाँचेकाले त्यसलाई पुन: बिरुवामा परिणत गर्ने योजना बनाएको छु ।" फुल्न लागेको समयमा हावाहुरी आउँदा केही फूल झरेर क्षति भएको उनले बताइन् ।

सोह्र वर्ष शिक्षण पेसा र करिब १५ वर्षसम्म दमौली बजारमा बुटिक व्यवसाय गरेकी गौली अहिले ड्रागन खेतीतर्फ आकर्षित भएकी हुन् । उनले व्यास नगरपालिका-३ मालपोत लाइनमा 'व्यास कोसेली घर' समेत सञ्चालन गर्दै आउनुभएको छ । स्थानीयस्तरमा उत्पादित अर्गानिक तरकारी, घरेलु सामग्री, घरेलु कपडा लगायत सामग्री उक्त कोसेली घरमा बिक्री गरिने गौलीले जानकारी दिए । ***-रासस***

## बाख्रापालनले चलेको चितवन निकुञ्जभित्रको एउटा गाउँ



बाख्रालाई खेततिर छाडेर फर्किएपछि सीतामाया थिङ खोर सफा गर्नमा व्यस्त थिइन् । केहीदिनअघि भेट्दा उनले यही खोरका कारण आफू अचेल निदाउन थालेको बताइन् । 'यो खोरले त हाम्रो परिवारको जीवन नै नयाँ बनाइदिएको छ । अचेल मज्जाले निदाउन पाएकी छु,' सीतामायाले भनिन्, 'सुधारिएको पक्की खोरमा राख्न थालेपछि बाघले खाला भन्ने पीर हट्यो अनि ढुक्कले निदाइन्छ ।' सानो चिटिक्कको यो खोर बनेको केही महिनामात्रै भयो । त्यसअघि पनि उनी बाख्रा पाल्थिन् । तर पक्की खोर थिएन । सामान्य गोठमा बाँधिएका बाख्रा जुनसुकै बेला बाघको आहारा बन्नसक्थे । यति भनेपछि सीतामाया आफ्नो र ईच्छानगर गाउँको दु:ख बताउन थालिन् । इच्छानगर गाउँ पर्सा जिल्लाको ठोरी गाउँपालिकामा पर्छ । यहाँ करिब डेढ सय परिवार बस्छन् । ठोरीको वडा नम्बर २ मा पर्ने यो गाउँलाई चारैतर्फ चितवन राष्ट्रिय निकुञ्जले घेरेको छ । यहाँ पुग्न हुलाकी राजमार्गबाट करिब आधा घण्टा जंगलको बाटो हिँड्नुपर्छ । निकुञ्जको कोर क्षेत्रभित्र पर्ने बस्ती भएकाले यहाँ वन्यजन्तुबाट धेरै डर छ । जंगली हात्ती, पाटेबाघ, चितुवा, बँदेललगायतका वन्यजन्तुको सामना गरेर दैनिकी चलाउनु यहाँका बासिन्दाका लागि समान्य बनिसक्यो । 'हात्ती, बँदेल, मृगको बथान पसे भने बाली केही बाँकी राख्दैनन् । बाघ पस्यो भने पशु चौपाय सोत्तर पारिहाल्छ,' सीतामाया भन्छिन्, 'दिउँसो आए त सबै मिलेर लखेट्न हुन्थ्यो नि । राति आएर हैरान पार्छ । एक्लो ज्यान कता दौडिनु ?'

सीतामायाका तीन छोरा, तीन छोरी छन् । १५ वर्षअघि श्रीमानले छाडेपछि सबै छोराछोरीको जिम्मा उनको काँधमा आइपर्‍यो । त्यतिखेर १६ कठ्ठा नम्बरी जमिन र एउटा घरबाहेक केही थिएन । 'बाली थन्काउने बेलामा रातभरी कुरेर बस्नुपर्ने, लखेट्न जाँदा आफैंलाई सक्छ कि भन्ने पीर उत्तिकै हुन्थ्यो । पर लुकेर झटारो हान्थें । जंगली हात्तीले कहिले त घरै भत्काउँथ्यो,' सीतामायाले विगतका दु:ख सुनाइन् । दु:ख पाएको देखेपछि एउटा समूहले उनलाई अनुदानमा बाख्राको पाठी दियो । त्यो पालेर खर्च जुटाउने सपना पुरै देख्न पनि नपाउँदै बाघले आहारा बनाइदियो । तैपनि उनले हरेस खाइनन् । बाख्राका पाठी किनेर पाल्दै गइन् । विभिन्न समयमा गरेर बाघले उनले पालेका ४ वटा माउ बाख्रा खाइदियो । ' एक पटक त बाघलाई खुर्पाले झटारो हानें । तर उसलाई त के हुनु, जति हुनु मैलाई भयो,' उनले दु:ख पोखिन् । सीतामायाका बाख्रा अहिले २४ वटा पुगेका छन् । ती सबै खोरमा अटाउँछन् । पक्की खोरभित्र बाख्रा हुलेपछि उनलाई आनन्दको निद्रा लाग्छ । 'जमिनमा लगाएको बाली भित्र्याउन पाइँदैन । त्यो त्यसै बाँझो रहन्छ । बाख्रा त्यहीं लगेर चराउँछु,' उनले भनिन्, 'घर खर्च बाख्रा बेचेर पुगिहाल्छ । अब शरीरले सकिन्जेल बाख्रा पालेरै खान्छु ।' इच्छानगरमा २०३० सालताका बस्ती बस्न थालेको हो । यहाँ अधिकांशको आयआर्जनको प्रमुख स्रोत बाख्रा पालन हो । उनीहरुको व्यवसायलाई सुरक्षित बनाउन चितवन राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति, मध्यवर्ती उपभोक्ता समिति तथा आइयुसिएन, केएफडब्लुको सहयोगमा तराई भू-परिधी कार्यक्रमले विभिन्न कार्यक्रमहरु सञ्चालन गरेका छन् । चितवन र पर्सा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा मानव-बाघ समझदारी अभिवृद्धी गर्ने उद्देश्यले सुरक्षित बाख्राको खोर निर्माण गर्ने योजना तराई भू-परिधी कार्यक्रमले यहाँ पनि सञ्चालन गरेको छ । यसले इच्छानगरबासीको व्यवसायलाई सुरक्षित बनाइरहेको निर्मलठोरी उपभोक्ता समितिका अध्यक्ष बालकुमार बस्नेतले बताए । साथै गाई, भैंसीको गोठ सुधार गर्ने, वन्यजन्तुको आक्रमणबाट मृत्यु भएकाका परिवार, घाइतेका परिवारलाई जिविकोपार्जनमा सघाउने, जंगल र बस्तीको सीमानामा मेसजाली लगाउने काममा पनि उक्त संस्थाले सघाउँदै आएको बस्नेतले बताए ।

स्थानीय बिचारी बिष्टले अचेल मान्छे जंगलभित्र र वन्यजन्तु बस्ती आउनक्रम घटेको बताइन् । 'हामी बाख्रा चराउन जंगल जान्थ्यौं । हात्ती, बाघ आहारा खोज्दै बस्ती पस्थे । अचेल हामी जंगल जान छाड्यौं । बस्ती आसपासमा चराउने, सुरक्षित खोरमा राख्ने गर्दा बाख्रा जोगिएका छन्,' उनले भनिन्, 'हात्ती कहिलेकाहीँ छिर्छ । अन्नबाली खाइदिन्छ । बाघ नपसेको धेरै समय भयो ।' मसरी राउतले दर्जनबढी बाख्रा पालेकी छन् । बाघले मार्न थालेपछि उनी बाख्रा घरभित्रै हुलेर सुत्थिन् । 'अब पक्की खोर बनाउन लागेको छु । संस्थाहरुले खोर बनाउन सघाएका छन्,' राउतले भनिन्, 'धान, मकै, तोरी राम्रै फल्थ्यो । हात्ती, बँदेल र मृग पसेर खेती गर्न दिँदैनन् । बाख्रासम्म जोगाउन पाए परिवार पालिन्थ्यो ।' वीरगञ्जबाट नजिकै रहेकाले यहाँ पालेका बाख्राको बजारको समस्या छैन । व्यापारी गाउँमै आएर बाख्रा खरिद गर्छन् । तराई भू-परिधी कार्यक्रमका चितवन-पर्सा कम्प्लेक्सका कार्यक्रम संयोजक प्रेम पौडेलले चितवन र पर्सा निकुञ्जका ८ वटा मध्यवर्ती उपभोक्ता समितिलाई लक्षित गरेर एकीकृत बाघ बासस्थान संरक्षण कार्यक्रम सञ्चालन गरिएको बताए । यो कार्यक्रम चितवनको माडी र मेघौली, पर्साको ठोरी र नवलपुरको त्रिवेणीमा करिब ६ वर्षदेखि सञ्चालन भइरहेको छ । यो कार्यक्रम अन्तर्गत चालू आर्थिक वर्षभित्र ३९५ वटा बाख्राका खोरहरू निर्माण गरिएको पौडेलले बताए । गत वर्ष १७७ वटा खोरहरु निर्माण गरिएको थियो । सबै खोरहरुमा गरेर अहिले २ हजार ७२७ वटा बाख्रा पालिएका छन् । ८ वटा क्षेत्रमा बाघ र चितुवाको आक्रमणबाट १२९ वटा बाख्राहरु मरेको तथ्यांक छ । निर्मलठोरी उपभोक्त समिति अन्तर्गत रहेको ठोरी गाउँपालिकाका वडा नम्बर १, २ र ३ मामात्रै २० वटा बाख्रा बाघ, चितुवाले मारेका थिए । पौडेलका अनुसार प्रभावित क्षेत्रमा रहेका ३४९ जनालाई साना व्यवसाय सञ्चालन गर्न सघाएको छ । वन्यजन्तुको आक्रमणबाट मृत्यु भएका र घाइते भएका विपन्न परिवारलाई बाख्रा, कुखुरा, भैंसी, माछा, बंगुरपालन, मोवाइल, किराना, फलफूल, तरकारी, फर्निचर पसल, घुम्ती, ठेला व्यवसाय, होमस्टे सञ्चालनका लागि बीउ पुँजी दिएको उनले बताए । निर्मलठोरीका ६८ परिवारले बाख्रा, बंगुर पालन, तरकारी खेती, सिलाई, कोल्ड स्टोर, ग्रील, आरन पसल, फर्निचर र होमस्टेमा यो पुँजी लगानी गरेका छन् । '१० वर्षमा बाघको संख्या दोब्बर बढाउने लक्ष्य लिएको नेपालले त्यो अवधिमा झण्डै तेब्बर संख्या पुर्‍यायो । अबको चुनौती ती बाघको संरक्षण गर्ने र बाघबाट समुदायमा असर पर्न नदिने हो । त्यसका लागि समुदायलाई सचेत बनाउने, मान्छेको व्यवहारमा परिवर्तन आवश्यक पर्छ,' पौडेल भन्छन्, 'हामीले मध्यवर्ती क्षेत्रमा रहेका बासिन्दालाई आयआर्जनको विकल्प दिएर जंगलको निर्भरता हटाउने, वन्यजन्तुलाई बस्तीमा नआउने वातावरण बनाउन सघाउने काम गर्दै आएका छौं ।' पौडेलले स्थानीयबासी, निकुञ्ज र केन्द्रस्तरको समूहलाई भारतका निकुञ्जहरुमा लगेर अन्तरक्रिया तथा समन्वय बैठक गराउने गरेको बताए । अनुभव आदानप्रदान गर्दा संरक्षणको विषयमा दुबै पक्षलाई फाइदा भएको पौडेलले बताए । अयोध्यापुरी उपभोक्ता समितिका अध्यक्ष शिवजी गायकले उपभोक्तहरुका लागि सञ्चालन गरिएका आयआर्जनका कार्यक्रम र सचेतना कार्यक्रमले दिगो वन व्यवस्थापनमा सघाएको बताए । 'अयोध्यापुरी उपभोक्ता समितिअन्तर्गत यस वर्ष ४० वटा बाख्राको खोरहरु निर्माण गरिएको छ । ४४ जना प्रभावित परिवारलाई आयआर्जनका लागि सघाइएको छ,' उनले भने, 'यस्ता कार्यक्रमले समुदायको जीवनस्तर उकास्न मदत गर्छ, समुदाय सक्षम भए जैविक विविधता संरक्षण प्रभावकारी बन्छ ।' चितवन राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष प्रकाश ढुंगानाले वन, वन्यजन्तु जोगाउने र मध्यवर्ती क्षेत्रका बासिन्दाको जीवनस्तर उकास्ने काम एकैसाथ अघि बढाइएको बताए ।

***-सेतोपाटी डटकम***



**उजाड कृषि फर्म**

गुल्मीको मदाने गाउँपालिका-३ सिर्सेनीमा गाउँपालिकाबाट लाखौं रुपैयाँ अनुदान लिएर खेती नगरिएको कृषि फर्म । केही समय पहिलेसम्म उक्त टनेलमा तरकारी खेती गरेका सोबबहादुर घर्ती अहिले विदेश गएसँगै उक्त ठाउँ उजाड बनेको हो । जिल्लामा अनुदान लिने तर केही समयपछि काम नगर्ने समस्या भने बढ्दै गएको छ ।

*-तस्वीर : हुमाकान्त पोखरेल/रासस*

# आज निर्दोष बालबालिका माथि अत्याचार विरुद्धको दिवस




**पाल्पा,** जेठ २०/आज निर्दोष बालबालिका माथि अत्याचार विरुद्धको दिवस मनाइदैं छ । प्रत्येक वर्ष जुन ४ तारिखमा संसारभरि निर्दोष बालबालिका माथि अत्याचार विरुद्धको दिवस मनाइने गरिन्छ ।

दिवसका अवसरमा विभिन्न कारणले बालबालिकाले भोगेका शारीरिक, मानसिक, भावनात्मक अनि संवेगात्मक पीडाहरूको चर्चा गर्दै अब त्यस्तो हुन नदिन छलफल र जागरण पनि गरिन्छ । संयुक्त राष्ट्र संघको बाल अधिकारप्रतिको प्रतिवद्धताको पनि आज चर्चा गरिन्छ । नेपालमा बालबालिकाका अधिकार ममतालाई आत्मसात् गर्ने नेतृत्व छान्नेतर्फ हामी कत्तिको चनाखो छौ त ? यस्तै कुराहरूलाई समाहित गर्दै संसारभरि बालमैत्री संरचना र समाजको निर्माणका लागि 'से यस टु चिल्ड्रेन' अर्थात् 'बालबालिकालाई हुन्छ भनौं' भन्ने अभियान पनि चलाइएको छ । संसारभरिका लगभग १० करोड बालबालिकाले आज यसै अभियानमार्फत विभिन्न तवरले आआफ्ना समाजबाट बाल अधिकारप्रति आफ्नो ऐक्यबद्धता जनाउँछन् ।


## रिब्दीकोट गाउँपालिकाको अनुरोध

- ➢ जन्म, मृत्यु विवाह जस्ता घटना ३५ दिन भित्र वडा कार्यालयहरुमा दर्ता गरौं ।
- ➢ सीप सिकौं, स्वालम्बी बनौं ।
- ➢ छोराछोरीलाई शिक्षित र सक्षम बनाउन विद्यालय पठाऔं ।
- ➢ बाँझो जमिनमा बोटबिरुवा लगाऔं ।
- ➢ भूकम्प प्रतिरोधी संरचना निर्माण गरौं ।
- ➢ स्थानीय सरकारलाई सबल बनाउन समयमै कर तिरौं ।
- ➢ खडेरीको समयमा आगालागिका घटनाहरु बढी घट्ने हुनाले आगोजन्य सम्भावित प्रकोपबाट बच्न सबै सचेत बनौं ।
- ➢ प्लाष्टिकको प्रयोग नगरौं, वातावरण प्रदुषण हुनबाट जोगाऔं ।
- ➢ सेवा प्रवाहमा रहेका कमी कमजोरी औल्याऔं ।
- ➢ कृषि, पशुपालनमा यूवा सहभागिता बढाएर स्वरोजगार सिर्जनामा टेवा पुऱ्याऔं ।

मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

कान्ता अधिकारी
उपाध्यक्ष

नारायण बहादुर कार्की
अध्यक्ष

**रिब्दीकोट गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**खस्यौली, पाल्पा**


## खेलकुद समाचार

### नेपाल मलेसियासँग पराजित, शृङ्खला बराबरी



**काठमाडौं,** जेठ २०/पाँच खेलको महिला टी-२० आई शृङ्खलाको चौथो खेलमा नेपाल मलेसियासँग पराजित भएको छ । जितका लागि नेपालले दिएको ९७ रनको लक्ष्य मलेसियाले ६ विकेट गुमाएर भेटाएको हो ।

योसँगै पाँच खेलको शृङ्खला २-२ को बराबरी भएको छ । अब बाँकी एक खेल जित्ने टोलीले यो शृङ्खला जित्नेछ । मलेसियाको जितका लागि विनिफ्रेड डुराइसिंगमल सर्वाधिक ३८ रनको योगदान गरिन् । यस्तै, महिराह इज्जाती इस्माइलले १६ रन, मास एलिशाले १३, नुर एरियाना नात्स्याले ९, आइना हाशिम र आयसिया एलिसाले एक/एक रनको योगदान गरे । नेपालकी कविता कुँवर, रुबिना क्षेत्री, सीता रानामगर र कविता जोशीले एक/एक विकेट लिए । यसअघि टस जितेर पहिले ब्याटिङ गरेको नेपाली टोलीले निर्धारित २० ओभरमा ७ विकेट गुमाउँदै ९६ रन बनाएको थियो ।

नेपालका लागि इन्दु बर्माले ३१ बलमा तीन चौकासहित सर्वाधिक ३२ रनको योगदान गरिन् भने विन्दु रावलले २६ बलमा एक चौकासहित २४ रन बनाइन् । सम्झना ८ रन, ओपनर काजोल श्रेष्ठले ६ रन, ज्योति पाण्डे एक रन र कप्तान रुविना क्षेत्री बेलबासे शून्य रनमै आउट भए । कविता जोशी १२ रन बनाएर अविजित रहिन् । मलेसियाकी विनीफ्रेड आनीले तीन विकेट लिइन् । महिराह इजाती इस्माली र एशया एलिसाले समान एक विकेट लिए ।


**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

वर्गिकृत
डिस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


## कर्पोरेट/अर्थ समाचार

# पन्त ग्लोबल कन्सल्टयान्सीद्वारा सिएसडी एक्सीलेन्स प्रोग्राम प्रशिक्षण



**पाल्पा,** जेठ २०/पन्त ग्लोबल कन्सल्टयान्सीले सिएसडी एक्सीलेन्स प्रोग्राम प्रशिक्षण प्रदान गरेको छ । बैंक तथा वित्तीय संस्थामा कर्मचारीहरुले ग्राहक सेवा विभागमा गरिने विविध कार्यहरुमा उच्चस्तरको सेवा सुविधामा जोड दिने उद्देश्यले यो प्रशिक्षण कार्यक्रम गरिएको हो ।

तानसेनमा शनिबार आयोजना गरिएको प्रशिक्षण कार्यक्रमका प्रशिक्षक तथा पन्त ग्लोबल कन्सल्टयान्सीका प्रमुख कार्यकारी अधिकृत धिरेन्द्र पन्तले बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरुको जोखिम व्यवस्थापन कसरी गर्ने र खाताहरु खोली बचत वृद्धिमा जोड दिने भनी प्रशिक्षणले जानकारी दिएको बताए । प्रशिक्षक पन्तका अनुसार विविध सेवाहरु जस्तै अनलाइन खाता, ग्राहक पहिचान, कार्ड सुविधा, क्युआर सेवा, विप्रेषण सेवा, शेयर खाता लगायतका सुविधाहरुलाई प्रविधिमैत्री रुपमा कार्य गर्न अभिप्रेरित गरेको र देशैभर प्रशिक्षण कार्यक्रम गर्ने जानकारी दिए । प्रशिक्षण कार्यक्रममा नेपाल बैंक, सिद्धार्थ बैंक, नविल बैंक, शाइन रेसुङ्गा विकास बैंक, मुक्तिनाथ विकास बैंक, ज्योति विकास बैंकका कर्मचारीहरुको सहभागिता रहेको थियो ।


मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ०५१/०५२,पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई